आज मिति २०८२ साल फागुन महिना २८ गते बिहीवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक व
२०८२/०८३ को नगर कार्यपालिकाको दशौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसि
अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सद्रस्य | वडा अध्यक्ष ७ |
| | श्री सन्तोष थापा | सदस्य | क. वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को दशौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः
मितिः (२०८२/११/२८)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. चिस्यान केन्द्र सञ्चालन गर्ने सम्बन्धमा,
३. सिर्जनशील साहित्य प्रतिष्ठान पोखरालाई साहित्य कार्यक्रम सञ्चालन गर्न दिने सम्बन्धमा,
४. भिमाद प्रथामिक केन्द्रमा मेडिकल अधिकृतको करारमा भर्ना गर्ने सम्बन्धमा,
५. विविध

निर्णय नं. १
प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/१०/१९ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को नवौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू शीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा भिमाद नगरपालिकाको वडा नं. ६ मा स्थापना गरिएको चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा छलफल गरियो । यस प्रस्ताव सम्बन्धमा अर्को बैठकमा विस्तृत छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिर्जनशील साहित्य प्रतिष्ठान पोखरालाई साहित्यिक कार्यक्रम सञ्चालन गर्नको लागि अनुमति माग सँगै आर्थिक सहयोगको लागि प्रस्ताव पेश गरेको हुँदा उक्त कार्यक्रमलाई भिमाद नगरपालिकाको वार्षिक नगर विकास योजना २०८२/०८३ सि. नं. ३९ कार्यक्रम खर्च शिर्षकवाट ५०,०००।(अक्षरेपी रु पचास हजार मात्र) भुक्तानी हुने गरि सो कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद प्रथामिक स्वास्थ्य केन्द्रमा एक जना मात्र मेडिकल अधिकृत दरबन्दी भएको र उक्त प्रथामिक स्वास्थ्य केन्द्रमा विरामी चाप अत्याधिक रहेको हुँदा सेवा प्रवाहमा कठिनाइ भएकोले उक्त स्वास्थ्य केन्द्रमा दुई जना मेडिलक अधिकृत करारमा भर्ना गरी सेवा प्रदान गरी आएकोमा करार सेवामा कार्यरत एक जना मेडिकल अधिकृतले राजिनामा दिनु भएकोले भिमाद प्रथामिक स्वास्थय केन्द्रबाट पारिश्रमिक तथा सेवा सुबिधा व्यहोर्ने गरी एक जना मेडिकल अधिकृतक करारमा भर्ना गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगर कार्यपालिकाको कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा रिक्त तपसिल बमोजिमका पदहरुमा करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।

तपसिल

| क स | पद | सेवा/समूह | रिक्त संख्या |
|---|---|---|---|
| १ | रोजगार संयोजक | प्रशासन | १ |
| २ | अ.हे.ब. | स्वास्थ्य | १ |

निर्णय नं. ६

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा ३२ ले गरिब परिवार पहिचनाको सूची ५ वर्षमा अद्यावधिक गर्न सक्ने व्यवस्था बमोजिम गरिब परिवार व्यवस्थापन सूचना प्रणाली माफत स्थानीय तहका गरिव परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धि मापदण्ड अनुसार कार्यक्रम संचालन गर्नको लागि उक्त मन्त्रालयको च.नं. ६५ मिति २०८२।११।०८ गतेको पत्रानुसार ११ जना गणकहरुको छनोट गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकको लागि शिक्षा शाखाबाट आ. व. २०८२/०८३ को लागि पेश गरेको स्यानटरी प्याडको दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लखन स्मृति शालिक संरक्षण समितिको निवेदन तथा वडा कार्यालयको सिफारिस बमोजिम प्राविधिक लागत अनुमान अनुसार भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि.नं.१०९ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी वाँकी योजनाहरु समेत शिर्षकवाट तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | योजनाको नाम | ठेगाना | लागत अनुमान बमोजिमको रकम रु |
|---|---|---|---|
| १ | लखन स्मृति शालिक संरक्षण योजना | भिमाद ६ | ३७,५००।- |
| २ | भिमाद नगरपालिका स्वागत गेटको बोर्ड निर्माण | भिमाद ६ | ४८,०००।- |

निर्णय नं. ९
प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व. २०८२।०८३ ठेक्का लागेका घाटहरुमा प्राविधिक राय प्रतिवेदन अनुसार घाटमा जाने बाटो निर्माण गर्ने डोजर प्रयोग गर्न दिने निर्णय गरियो ।

निर्णय नं. १०
प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को एक्काइसौ नगर सभाको अधिवेशनबाट स्वीकृत कार्यक्रम मध्ये प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन शिर्षकबाट निवृत्त शिक्षक समाज भिमादद्वार तयार गरिएको नगरभित्र हालसम्म स्थापना भएका विद्यालयहरूको विवरण सहितको अभिलेख प्रकाशन कार्यक्रममा रु ५०,०००।(पचास हजार मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।